"विद्या धनम् सर्व धनम् प्रधानम्"

# श्री लक्ष्मी माध्यमिक विद्यालय

## कचनकवल-६, वनियानी (झापा)

## कोशी प्रदेश, नेपाल

पत्र संख्या - ३९
च.नं.- /०८३/०८४

मिति :- २०८३/०५/०९

श्री सम्बन्धित सबै

**विषय: सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस श्री लक्ष्मी माध्यमिक विद्यालय, कचनकवल-६, बनियानीमा माध्यमिक तह तृतीय श्रेणी नेपाली विषयको १(एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सो दरबन्दीमा शिक्षक सरुवा मार्फत पदपूर्ति गर्ने निर्णय भएकाले कचनकवल गाउँपालिकाको अनुमति प्राप्त भई माध्यमिक तह तृतीय श्रेणीको नेपाली विषयको दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र दिन) भित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१. सरुवाको लागि निवेदन ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४. स्थायी/अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
५. यस अघि सरुवा भएका शिक्षकका हकमा सरुवा र रमाना पत्रको प्रतिलिपि ।
६. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि ।
७. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
८. असाधारण तथा बेतलबी विदा लिए/नलिएको सम्बन्धि कागजात ।
९. कार्यरत विद्यालयको सहमति पत्र (विद्यालय व्यवस्थापन समितिको सरुवा सहमति प्रदान गरेको निर्णय सहित) ।
१०. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
११. शिक्षा नियमावली २०५९ (दशौं संशोधन) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण/कागजात (आवश्यक भएमा) ।
१२. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको प्रमाणित फारम ।
१३. निवेदन दिने अन्तिम मिति : २०८३/०५/२४ गते बुधवार विद्यालय समय भित्र

उक्त अवधि भित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली २०५९ (दशौं संशोधन) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोधार्थ**

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, झापा, जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।
२. श्री कचनकवल गाउँपालिका, बनियानी, झापा, जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।
३. श्री कचनकवल गाउँपालिका, ६ नं.वडा कार्यालय, बनियानी, झापा जानकारीका लागि ।
४. विद्यालयको सूचना पाटी तथा वेबसाइट प्रकाशनका लागि ।

सम्पर्क नं. ९८५२६७३७०० / ९८०२६७३७०० (प्रधानाध्यापक)

छविलाल बस्नेत
प्रधानाध्यापक